annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १०७ पृष्ठ १० | काठमाडौं, बिहीबार २९ साउन २०८२ | भाद्र कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४५ | THURSDAY, AUGUST 14, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बल्ल तल्ल रोपाइँ, फेरि मलकै अभाव

यसपटक मध्यबर्खामा पनि पर्याप्त पानी परेन, खडेरीले पिउने पानीकै समस्या भयो। केही सातायता हल्का पानी परेपछि जेनतेन धान रोपाइँ त गरे, तर मल नपाएर अर्को सास्ती भोग्दै छन्- तराई मधेसका किसान। एकातिर सरकारले भने जति मलखाद उपलब्ध गराएन, अर्कोतिर जिल्लामा पुगेको मल पनि गोदाममै थन्किएको छ। मल वितरणमा सहकारी जिम्मेवार नहुँदा किसानले दुःख भोगिरहेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले मल समस्यालाई तत्कालै समाधान गर्न मंगलबार निर्देशन दिएकाले अब राहत मिल्ला कि ? भन्ने आशा किसानमा जागेको छ।

मनिका झा | *जनकपुरधाम*
क्रान्ति शाह | *वीरगन्ज*
हरि शर्मा | *परासी*
यादव आचार्य | *गुलरिया*
जितेन्द्र ठाकुर | *वराटनगर*
गोपाल भण्डारी | *कपिलवस्तु*
- को रिपोर्ट

समाचार पृष्ठ २




## दक्षिण कोरियामा राष्ट्रपति दम्पती एकसाथ जेलमा



**अशोक मैनाली** | *सोल*

दक्षिण कोरियाको राजनीतिक र न्यायिक इतिहासमा एक अभूतपूर्व घटना घटेको छ। पूर्वराष्ट्रपति युन सुक-योल र उनकी पत्नी किम गन-ही दुवैलाई एकै पटक पक्राउ गरी हिरासतमा राखिएको छ। यो कोरियाका लागि पहिलो र संसारका अन्य मुलुकमा पनि विरलै देखा पर्ने घटना हो। यसले कोरियाली राजनीति, न्याय प्रणाली र समाजमा गहिरो प्रभाव पार्ने आशंका गरिएको छ।

**पूर्वराष्ट्रपति र प्रथम महिलाको गिरफ्तारी: घटनाको पृष्ठभूमि**

पूर्वराष्ट्रपति युन सुक-योल २०२२ मा दक्षिण कोरियाको राष्ट्रपति बनेका थिए। उनको कार्यकालमा धेरै विवाद र आरोप-प्रत्यारोप आएका थिए। २०२५ मा असंवैधानिक गतिविधि चलाएको आरोप लागेपछि उनलाई पक्राउ गरी अदालतको सुनुवाइ अघि हिरासतमा राखिएको थियो। उनकी पत्नी, किम गन-ही पनि २०१० को दशकदेखि सार्वजनिक पदमा र व्यापारिक क्षेत्रमा सक्रिय छिन्। उनलाई सेयर बजार हेरफेर, भ्रष्टाचार, र पदको दुरुपयोगको आरोप लगाइएको थियो। अदालतले बुधबार किममाथि पक्राउ आदेश जारी गऱ्यो र उनलाई हिरासतमा राखिएको छ। यो घटनाले दक्षिण कोरियाको राजनीतिक क्षेत्रमा ठूलो हलचल मच्चाएको छ। पूर्वराष्ट्रपति र प्रथम महिलाको एकसाथ गिरफ्तारी कोरियाली राजनीति इतिहासमा पहिलो पटक भएको अभूतपूर्व घटना हो।

**किम गन-हीमाथि लगाइएका आरोपहरू**

गन-हीमाथि सेयर बजार हेरफेर, भ्रष्टाचार, पदको दुरुपयोग, र सरकारी स्रोतहरूको व्यक्तिगत स्वार्थमा प्रयोग गरिएको आरोप लगाइएको छन्। सेयर बजार हेरफेर अभियोजन पक्षको दाबीअनुसार किमले एक सार्वजनिक कम्पनीको सेयर मूल्य कृत्रिम रूपमा बढाउने योजना बनाइन् र कार्यान्वयन गरिन्।

» बाँकी पृष्ठ ५

## मानव अधिकार उल्लंघनमा दोषी ठहरिएकालाई दिइएन सजाय

मानव अधिकार प्रतिवेदन २०२४ नेपाल

**रामकला खड्का** | *काठमाडौं*




नेपाल सरकारले मानव अधिकार उल्लंघन गर्ने अधिकारीहरूको अनुसन्धान गर्न विश्वसनीय कदम चाले तापनि दोषी ठहरिएकालाई निरन्तर सजाय नदिएको मानव अधिकार प्रतिवेदनले जनाएको छ।

अमेरिकी विदेश मन्त्रालयले मंगलबार जारी गरेको नेपालको २०२४ को मानव अधिकारको अवस्थाबारे एक प्रतिवेदनले उक्त अवस्था औंल्याएको हो। गत वर्षभरि नेपालको मानव अधिकारको अवस्थामा कुनै उल्लेखनीय परिवर्तन नआएको रिपोर्टमा उल्लेख छ।

मानव अधिकार प्रतिवेदनले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानव अधिकार र कामदार अधिकारको स्थितिलाई समेट्छ। अमेरिकी विदेश मन्त्रालयले सन् १९६१ को विदेशी सहायता ऐन र सन् १९७४ को व्यापार ऐनअनुसार सहयोग प्राप्त गर्ने सबै देशहरू र संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूको प्रतिवेदन अमेरिकी कांग्रेसलाई बुझाउँछ।

प्रतिवेदनले महत्वपूर्ण मानव अधिकार मुद्दाहरूमा स्वेच्छाचारी वा गैरकानुनी हत्या, यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार, सजाय, स्वेच्छाचारी नजरबन्द, अभिव्यक्ति स्वतन्त्रता र मिडिया स्वतन्त्रता, पत्रकारहरूविरुद्ध हिंसा र अनुचित गिरफ्तारी, मानव बेचबिखन, बालविवाहलगायतका विषयलाई समेटेको छ। कारागार अधिकारीहरूद्वारा कथित स्वेच्छाचारी र गैरकानुनी हत्या गरिएको रिपोर्टहरू केही नागरिक समाजले गरेका थिए। यद्यपि ती घटनाहरूको आधिकारिक अनुसन्धान भइरहेको जनाइएको छ। सरकारी अधिकारीहरूबाट जबरजस्ती गर्भपतनको कुनै रिपोर्ट नआएको प्रतिवेदनमा उल्लेख छ।

**प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता**

सरकारले मिडियाको सुरक्षा र स्वतन्त्रता जोगाउन पर्याप्त प्रयास नगरेको प्रतिवेदनमा उल्लेख छ। नेपालको संविधान र कानुनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था गरेकोमा सरकारले सामान्यतया उक्त अधिकारको सम्मान गरे पनि संविधान र कानुन दुवै अस्पष्ट भएकाले सरकारले अभिव्यक्ति स्वतन्त्रता र प्रेसमाथि प्रतिबन्ध लगाउने अधिकार पाएको जनाइएको छ।

सरकारले तिब्बतीहरूलाई सांस्कृतिक रूपमा महत्वपूर्ण कार्यक्रमहरू मनाउनबाट रोक्ने प्रयास स्वरूप देशमा रहेका तिब्बती समुदायका सदस्यहरूको अभिव्यक्ति स्वतन्त्रता सीमित गरेको प्रतिवेदनमा उल्लेख छ। भ्रष्टाचारको बारेमा रिपोर्ट गर्ने पत्रकारहरूमाथि धम्की र आक्रमणका धेरै घटनाहरू भएका पनि जनाइएको छ।

**कामदार अधिकार**

सरकारले सार्वजनिक क्षेत्रमा लागू हुने श्रम कानुनहरू प्रभावकारी रूपमा लागू गरे पनि निजी क्षेत्रमा नगरेको प्रतिवेदनमा उल्लेख छ। निजी क्षेत्र त्यसमा पनि विशेष गरी अनौपचारिक अर्थतन्त्रमा, सरकारले प्रायः कानुन र नियमहरू लागू गर्न असफल भएको जनाइएको छ। सरकारले न्यूनतम ज्याला, ओभरटाइम, र व्यावसायिक सुरक्षा र स्वास्थ्यसम्बन्धी कानुनहरू प्रभावकारी रूपमा लागू नगरेको जनाइएको छ।

» बाँकी पृष्ठ ५

## 'गाजामा नयाँ आक्रमणका योजना स्वीकृत'

**जेरुसेलम (एजेन्सी):** इजरायली सेनाले गाजा पट्टीमा नयाँ आक्रमणका लागि 'योजना' स्वीकृत गरेको बुधबार जनाएको छ। सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इयाल जमिरले गाजा पट्टीमा इजरायली सुरक्षा बल (आईडीएफ) को परिचालन योजनाको मुख्य ढाँचालाई अनुमोदन गरेको सेनाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

इजरायली सरकारले इजरायली सेना यस क्षेत्रको सबैभन्दा ठूलो सहरमा कहिले प्रवेश गर्नेछ भन्नेबारे विज्ञप्तिमा कुनै निश्चित समयतालिका उपलब्ध गराएको छैन।

गाजाको नागरिक सुरक्षा निकायले हालैका दिनहरूमा गाजा सहरमा इजरायली हवाई आक्रमण तीव्र भएको र जेइटुन र साबरामा 'नागरिकहरूको घर र अग्ला भवनहरूसहित आवासीय क्षेत्रहरूमा धेरै भारी हवाई आक्रमण' भएको बताएको छ।

हमासले इजिप्टका अधिकारीहरूसँग अस्थायी युद्धविरामका लागि 'प्रारम्भिक वार्ता' का लागि एक वरिष्ठ प्रतिनिधिमण्डल कायरो आइपुगेको बताएको केही घण्टापछि सेनाले उक्त योजनालाई अनुमोदन गरेको खबर आएको हो।

## दमक 'बालुवाटार' को ८०० रोपनी व्यक्तिको नाममा

१४ जना दोषी ठहर

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

झापा दमकको सार्वजनिक जग्गा हिनामिना प्रकरणमा माओवादी केन्द्रका नेता गगन पुरी भनिने रेवतीराज पुरीसहित १४ जना दोषी ठहर भएका छन्। विशेष अदालतले रतुवा र दिपिनी खोला किनारको करिब ८०० रोपनी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गराउन मुख्य भूमिका निर्वाह गर्ने माओवादी नेता पुरीलाई भ्रष्टाचारमा दोषी ठहर गरेको हो। व्यक्तिको नाममा दर्ता गरिएको जग्गा जफत गर्न विशेषले फैसलामा गरेको छ।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यद्वय मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले दुईवटा छुट्टाछुट्टै मुद्दामा फैसला सुनाएको सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए। 'यस मुद्दामा दुईवटा छुट्टाछुट्टै मुद्दाहरू आएका थिए। कतिपय प्रतिवादीहरू दुईवटै मुद्दामा दोहोरिएका छन्,' विशेष अदालतका सूचना अधिकारी रेग्मीले भने, 'दुवैको एकसाथ फैसला भयो।' दुवै मुद्दामा नेता पुरी कसुरदार ठहर भएका छन्।

एउटा मुद्दामा ९ जनालाई दोषी ठहर गरिएको छ भने अर्को मुद्दामा ११ जना दोषी ठहर भएका छन्।




पुरीलाई एउटा मुद्दामा एक वर्ष कैद र बिगोअनुसार दामासाहीले २० लाख ८३ हजार ६७१ रुपैयाँ जरिवाना तोकिएको छ। अर्को मुद्दामा एक वर्ष कैद र ३१ लाख ५२ हजार ५५९ रुपैयाँ जरिवाना तोकिएको छ।

माओवादी नेता पुरीले रतुवा र दिपिनी खोलाको किनारको जग्गा व्यक्तिको नाममा गराएर गाउँ नै बसाएका थिए। पर्ती, भाँडी, रतुवा खोला, दिपनी खोला तथा सडकको जग्गा व्यक्तिको नाममा दर्ता गराएको देखिएको छ।

**पहिलो मुद्दा**

२०२१ सालको नापीमा सरकारी सार्वजनिक जग्गा कायम भएका साविक दमक ६ (ग) का ७६०/१, ७६१, ७६२, ७७३, ७८३, ७८४, ७८६, ७८७ र ७८८ गरी ९ वटा कित्ता जग्गाहरू विभिन्न व्यक्तिहरूको नाममा दर्ता भएको विशेषको ठहर छ। यस्तै, ७६०/१ कित्ताको भाँडी ७ बिघा १४ कट्ठा १२ धुर, ७६१ कित्ताको पर्ती ४ बिघा ५ कट्ठा, ७६२ कित्ता नम्बरको पर्ती जग्गा २ बिघा ५ कट्ठा १० धुर, ७७३ कित्ता नम्बरको पर्ती २ बिघा ६ कट्ठा १५ धुर, ७८३ कित्ता नम्बरको पर्ती ३ बिघा १७ कट्ठा १० धुर, कित्ता नम्बर ७८६ को जग्गा हिनामिना गरिएको थियो। यस्तै, रतुवा खोला किनारको ५१ बिघा १० कट्ठा १० धुर, ७८७ कित्ता नम्बरको सडकको जग्गा ३ बिघा १६ कट्ठा १० धुर र ७८८ नम्बर कित्ताको दिपिनी खोलाको जग्गा ६ बिघा १७ कट्ठा १७ धुर जग्गा हिनामिना भएको छ।

माओवादी नेता पुरीले बुवा भगवान पुरीको नाममा २४ बिघा र आमा रूपादेवी पुरीको नाममा ४ बिघा १४ कट्ठा १० धुरसमेत गरी २८ बिघा १४ कट्ठा १० धुर जग्गा नाममा गराएका देखिएको छ।

उनको परिवारले नापी पूर्व करिब ६० बिघा जग्गा फडानी गरी भोग चलन गरिरहेको देखिएको विशेषको फैसलामा छ। बाँकी जग्गा सुकुम्बासीहरूको कब्जा गरेकामा नयाँ नापीको बखत ८५ घर सुकुम्बासी र पुरी परिवारको सहमतिअनुसार नगराई दर्ता र हाल साविक अध्यावधिक गरी आफ्नै नाममा राखेका थिए।

यो मुद्दामा पुरीसहित शशिकान्त झा, सिताराम यादव,विन्देश्वर पजियार, रुद्रप्रसाद श्रेष्ठ, रामदेव मण्डल धानुक, गणेशकुमार धिमाल र विष्णुदेव यादवलाई दोषी ठहर गरेको छ। जसमा तत्कालिन प्रमुख नापी अधिकृत झाको मृत्यु भइसकेकोले सजाय गर्नु नपरेको फैसलामा उल्लेख छ।

विशेषले सीताराम यादवलाई एक वर्ष कैद र १८ लाख ७४ हजार ३९८ रुपैयाँ जरिवाना तोकेको छ। विन्देश्वर पजियारलाई एक वर्ष कैद र १८ लाख ९ हजार ९५८ रुपैयाँ जरिवाना, रामदेव मण्डल धानुकलाई ६ महिना कैद र २ लाख ६५ हजार ५५४ रुपैयाँ जरिवाना, ललितकुमार मण्डललाई तीन महिना कैद र ५८ हजार ७२५ रुपैयाँ जरिवाना तोकेको छ। रुद्रप्रसाद श्रेष्ठ ६ महिना कैद र ३ लाख १६ हजा ७७१ रुपैयाँ जरिवाना, रामकुमार दासलाई तीन महिना र एक लाख २ हजार ६७९ रुपैयाँ जरिवाना, गणेशकुमार धिमाललाई एक वर्ष र ९ लाख ८३ हजार ८१२ रुपैयाँ र विष्णुदेव यादवलाई तीन महिना कैद र १८ हजार ३४४ रुपैयाँ जरिवाना तोकेको छ।

**पहिलो मुद्दा दर्ता फागुन १३ मा**

२०८० फागुन १३ गते अख्तियारले पुरीसहित १७२ जनालाई प्रतिवादी बनाएर पहिलो मुद्दा विशेषमा दर्ता गरेको थियो। २९ बिघा १७ कट्ठा ४ धुर (३९७ रोपनी ८ आना १ पैसा ३ दाम) जग्गा गैरकानुनी रूपमा व्यक्ति विशेषको नाममा दर्ता गरेको अख्तियारको दाबी थियो। यो मुद्दामा २८ जना कर्मचारी, ३६ जना आफ्नो नाममा सरकारी जग्गा घुसाउने व्यक्ति र १०८ जना जग्गा किनेकाहरूविरुद्ध मुद्दा हालिएको थियो।

» बाँकी पृष्ठ ५